# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ४ २०८० पुस २७

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## छायाँनाथ रारा नगरपालिका अपाङ्गता सम्बन्धी स्थानीय नीति , २०८०

अपाङ्गता सम्बन्धी स्थानीय नीति, २०८०

**प्रमाणित मिति**
२०७९/०९/२५
**प्रकाशित मिति**
२०८०/०९/२७

सम्वत् २०८० को नीति नं. २

**अपाङ्गता सम्बन्धी कानून तर्जुमा गर्न बनेको नीति**

## बिषय-सूची

### १. पृष्ठभूमी:

संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा गरे पश्चात सुस्तमनस्थितिका भएका व्यक्तिहरुको लागि १९७१ मा र अपाङ्गता भएका व्यक्तिहरुका लागि सन १९७५ मा मानव अधिकारको प्रत्याभूति हुने दस्तावेजको घोषणा गरेको पाइन्छ। नेपाल सरकारले अपाङ्ता भएका व्यक्तिहरुलाई कानूनी रुपमा सम्वोधन गर्न २०२० साल देखि शुरु गरेको हो। नेपाल अधिराज्यको संविधान, २०४७ को निर्देशक सिद्धान्तमा अपाङ्गताको हक हित तथा संरक्षणको प्रत्याभूती गरेको छ। राष्ट्र संघले अपाङ्गहरुको विकासका लागि कार्य गर्न सन १९८२ मा अपाङ्ग सम्बन्धी विश्व कार्य योजना (The World Program of Action Concerning Disabled Persons) र विश्व अपाङ्ग दशक (१९८३-१९९२) मनाउन विभिन्न कार्यक्रमहरु सिफारिस गर्यो। सन १९८९ को ल अधिकार सम्बन्धी महासन्धिले अपाङ्गता भएका बालबालिकाको अधिकारलाई सुनिश्चित गरेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, २००६ लाई अनुमोदन गरिसके पछि अपाङ्गता भएका नागरिकका सवाललाई नेपालको वर्तमान संविधानले सम्बोधन गरेको छ। संविधानले अपाङ्गताको आधारमा कुनैपनि नागरिकलाई भेदभाव गर्न नपाइने प्रष्ट व्यवस्था गर्दै धारा १८ को उपधारा (२) मा **सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति,गर्भावस्था, आर्थिक अवस्था,भाषा वा क्षेत्र वैचारिक आस्थावा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने** व्यवस्था गरेको छ। यस वाहेक नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिको अधिकारहरूलाई प्रष्ट रूपमा समानताको हक, शिक्षाको हक, सामाजिक सुरक्षाको हक, प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व, राज्यका निर्देशक सिद्धान्तमा समेटेको छ। राज्य पुनर्संरचना पश्चात गठन भएको स्थानिय सरकारको संवैधानिक दायित्व अनुसार संविधानको अनुसूची-८ को नं. (१६) मा **जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन,** स्थानीय तहको अधिकारको सझा सूची अनुसूची-९ को नं.(१०) अनुसार सामाजिक सुरक्षा र गरिवी निवारण,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (त) को उपखण्ड (१) देखी (६) सम्म अपाङ्गता भएको व्यक्तिको परिचयपत्र पुनर्थापना सेवा, आपाङ्गता भएका व्यक्तिहरुको व्यवस्थापन गरेको छ। संविधानको धारा ३९ को उपधारा (९) ले अपाङ्गता भएका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक सुनिश्चित गरेको छ। नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लागु गरेको छ जसले स्थानीय सरकारलाई अपाङ्गता परिचयपत्र वितरण देखि लिएर उनीहरूलाई चाहिने आवश्यक सेवा सुविधा र अवसरहरू प्रदान गर्नको लागि निर्देशित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क राख्नुपर्ने लगायत अन्य धेरै व्यवस्थाहरू गरेको छ।

## २. वर्तमान स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिको सङ्ख्या कुल जनसङ्ख्याको २.२ प्रतिशत रहेको छ तर पनि नेपालमा अपङ्गता भएका व्यक्तिको अवस्थाको विस्तृत जानकारी दिने आधिकारिक तथ्याङ्क प्राप्त गर्न सकिँदैन। अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाको लागि संघीय सरकारले विभिन्न नीति, कानुन र नियमावलीहरू जारी गरेको छ। जसमध्ये अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, यसैसँग सम्बन्धित नियमावली २०७७ प्रमुख छन् भने २०६९ सालमा अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सूचना तथा सञ्चार निर्देशिका जारी गरेको छ। सरकारले अपाङ्गता भएका व्यक्तिलाई कानुन र नीतिमा भए अनुसार संघीय तथा स्थानीय सरकार मार्फत सामाजिक सुरक्षा भत्ता लगायत सार्वजनिक सवारी सधानमा भाडामा पचास प्रतिसत छुट, निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क सहायक सामाग्री, बालबालिकाको लागि छात्रवृत्ति, पुनर्स्थापना केन्द्र मार्फत थेरापी सेवाहरू र अन्य विभिन्न सेवा सुविधा र सहुलियतहरू प्रदान गरेको छ। स्थानीय सरकार मार्फत अपाङ्गता भएका व्यक्तिले परिचयपत्र प्राप्त गर्छन् र विभिन्न सेवा सुविधाहरू उक्त परिचयपत्रको आधारमा उपलब्ध गराइन्छ। नेपाल सरकार बाहेक विभिन्न गैर सरकारी संस्थाहरूले पनि अपाङ्गता भएका व्यक्तिका लागि क्षमता विकास, सिप विकास, नेतृत्व विकास लगायत विभिन्न सेवा सुविधा र अवसरहरूमा पहुँच बढाउन कामहरू गरिरहेका छन्।

**छायाँनाथ रारा नगरपालिकाको संक्षिप्त परिचय**

कर्णाली प्रदेश, मुगु जिल्ला अन्तर्गत साविकका श्रीनगर,कार्कीवाडा, रोवा, रुगा र पिना गाँउ विकास समितिहरु गाभिएर छाँयानाथ रारा नगरपालिका बनेको हो। धार्मिक मान्यता अनुसार नेपालका महत्वपूर्ण चार धामहरु बराहक्षेत्र, पशुपतिक्षेत्र, मुक्तिनाथक्षेत्र, ऋषिकेशरुरु क्षेत्र जस्तै छायाँनाथ / पनि हिन्दू धर्मावलम्वीहरुको एउटा प्रशिद्ध धाम हो। यस जिल्लाको ठूलो आस्था र विश्वासको धरोहर छायाँनाथ ठाकुरज्यूको नित्य पुजाको लागि हालको छायाँनाथ रारा नगरपालिकाको वडा नं. २ को चैन गाउँमा गाथ रहेको छ। प्रशिद्ध कर्णाली नदी यसै नगरपालिका भएर बग्दछ र नेपाल

तथा विश्वकै आकर्षण नेपालकै सबै भन्दा ठूलो रारा ताल यसै नगरपालिकामा रहेकोले सो ताल र छायाँनाथ देवताको संयुक्त अस्तित्वलाई मान्यता दिई दुवैको नामबाट यस नगरपालिकालाई छायाँनाथ रारा नामाकरण गरिएको हो। मुगु जिल्लामा प्रवेश गर्न पूर्वपश्चिम लोकमार्गलाई बाँकेको कोहलपुरमा छाडेर सुर्खेत, दैलेख, कालिकोट, जुम्ला हुँदै सडकमार्गबाट पुग्न सकिन्छ भने नेपालगञ्जबाट हवाईमार्ग मार्फत ताल्चा विमानस्थलमा आउन पनि सकिन्छ। नेपालमा पहिलो पटक संविधान सभाबाट नेपालको संविधान निर्माण भई जारी भए सँगै देशलाई एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रुपमा रुपान्तरित गरिएको छ। वि.सं.२०६८ सालको राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २०,०७८ र कुल घरधुरी संख्या २,८९४ रहेको छ। यस नगरपालिकाको क्षेत्रफल ४८,०६९ हेक्टर र खेतीयोग्य जमीन ४,४०३ हेक्टर रहेको छ। कृषिको लागि माटो राम्रो भएतापनि जमीन समथर नभई भिरालो भएको र मलिलो माटो वर्षेनी बग्दै जाँदा कृषिको उर्वरा शक्ति नष्ट हुँदै गएको छ। परम्परागत कृषि प्रणाली, सिंचाईको असुविधा खेती लगाउने समयमा उन्नत बीउ, मलको अभाव जस्ता कारणले कृषि उपजले कृषकको जीवनस्तरमा अपेक्षीत परिवर्तन आउन सकेको छैन। केही कृषकहरुले भने यस नगर भित्र वर्षमा बाह्रै महिना हरिया सागपातमा उत्पादन गर्दै आत्मा निर्भर हुन खोजिरहेका छन्।

छाँयानाथ रारा नगरपालिकाले अपाङ्गता पहिचान गर्न सहज होस भनि अपाङ्गता समन्वय समिति मार्फत परिचययपत्र बितरण कार्यबिधि बनाई परिचय पत्र बितरण गरिरहेको अवस्था रहेको छ। हाल यस पालिकामा १२२ जना अपाङगता भएका व्यक्तिहरुले परिचयपत्र प्राप्त गरिसकेका छन्। जस मध्ये रातो परिचयपत्र प्राप्त गर्ने ५ जना, निलो परिचयपत्र प्राप्त गर्ने ३९ जना, पँहेलो परिचयपत्र प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरु २७ जना, सेतो परिचयपत्र प्राप्त गर्ने ५१ जना, अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्। अपाङ्गता भएका व्यक्तिहरुलाई आत्म निर्भर बनाउन आय आर्जन र रोजगारीमुलक कार्यक्रममा सहयोग गरिदै आएको अवस्था रहेको छ।

अपाङ्गता भएका व्यक्तिहरु प्रति भएको नकारात्मक धारणामा परिवर्तन ल्याउन अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस बनाउनुका साथै अन्य बिभिन्न सचेतना सम्वन्धी कार्यक्रम गर्ने गरिएको छ। अपाङगता भएका व्यक्तिको नीति निर्माणमा सहभागीता होस भनि स्थानिय समन्वय समितिमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व हुने ब्यवस्था रहेको छ। यो व्यवस्थाले गर्दा अपाङ्गताको सवाललाई नजिकबाट बुझ्न पालिकालाई सहज भएको छ। यस नगरपालिकाले स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्था सँग समन्वय गरि विभिन्न गतिविधि गरिरहेको छ। संविधान नीति र कानून अनुसार वार्षिक रुपमा बिभिन्न कार्यक्रम तय गरि अपाङ्गताको सवलालाई सम्वोधन गर्ने राम्रा प्रयासहरू सुरूवात भएका छन्।

## ३. समस्या विश्लेषण

अपाङ्गता भएका व्यक्तिले भोग्ने समस्यालाई विभिन्न आयामबाट हेर्न सकिन्छ। कानुनले विभिन्न सेवा सुविधा र सहुलियत दिएको भएपनि विभिन्न कारणले त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। अपाङ्गता परिचयपत्र सेवा सुविधा हासिल गर्ने मुख्य द्वार भएतापनि स्थानीय निकायबाट सबै अपाङ्गता भएका व्यक्तिले परिचयपत्र प्राप्त गर्न सकेका छैन्न। स्थानीय निकायसँग सबै प्रकारका अपाङ्गता पहिचान गर्ने प्राविधिक ज्ञान र अपाङ्गताको मापन गर्ने उपयुक्त विधिको अभावको कारणले कतिपय जटिल प्रकृतिको अपाङ्गता पहिचानमा चुनौतिहरू छन्।

राज्य पुनरसंरचना पश्चात संघीय सरकारबाट अधिकार र कार्य हस्तान्तरण भएपनि अपाङ्गता सम्बन्धी पर्याप्त ज्ञानको अभावमा स्थानीय सरकारमा अपाङ्गतालाई अपेक्षा गरे अनुरूप ब्यवस्थापन गर्न सकिएको छैन। ज्ञान, सिप र पर्याप्त सूचनाको अभावमा स्थानीय तहका अपाङ्गताका सवालहरूमा समन्वय गर्न तथा नीति र योजना निर्माणमा सहयोग गर्न गठित अपाङ्गता समन्वय समितिले अपाङ्गता परिचयपत्र बितरण बाहेक अन्य क्षेत्रमा कार्य गर्न सकिरहेको छैन। एकातिर भौगोलिक विकटताले अपाङ्गता भएका व्यक्तिलाई सेवा सुविधामा पहुँच प्राप्त गर्न धेरै कठिनाई भएको छ भने पालिका अन्तर्गतका सार्वजनिक भौतिक संरचना र सेवा प्रणालीहरू अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त नहुँदा उनीहरूलाई दैनिक हिँडडुल, सहभागिता लगायत सेवा सुविधा र अवसरहरू लिन धेरै कठिनाई र समस्या छ। अपाङ्गता भएका व्यक्तिले स्थानीय तहमा सबै खाले स्वास्थ्य र पुनर्स्थापना सेवाहरू पाउन सकेका छैनन। विद्यालयका भौतिक संरचनाहरू पहुँचयुक्त नभएको र शिक्षण सिकाई विधिहरू पहुँचयुक्त नभएको कारणले अपाङ्गता भएका बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट बञ्चित छन्। भौगोलिक विकटता, यातायातको अभावको कारण सबै अपाङ्गता भएका बालबालिकाहरू विद्यालय पुग्न सकेका छैनन्। अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई पर्याप्त मात्रामा सामाजिक सुरक्षा, सहायक सामाग्री र सहयोगी सेवा उपलब्ध गराउन सकिएको छैन। अपाङ्गता भएका व्यक्तिको रोजगारी र स्वरोजगारीका कार्यक्रमहरूमा न्यून पहुँच छ। स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क अध्यावधिक हुन सकेको छैन। समाजमा अपाङ्गता भएका व्यक्तिहरूप्रति विभिन्न प्रकारका नकारात्मक धारणा र विश्वासहरू छन जसलाई निर्मुल पार्न जरूरी छ। अपाङ्गता भएका व्यक्तिको समुहभित्र पनि अटिजम, बौद्धिक अपाङ्गता, श्रवणदृष्टिविहीन, बहुअपाङ्गता, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको अवस्था सबैभन्दा दयनीय छ।

अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य प्रभावकारी हुन नसक्दा अपाङ्गता भएका व्यक्तिलाई एकिकृत रूपमा सेवा उपलब्ध गराउन सकिएको छैन। सांकेतिक भाषाको तालिम र दोभाषेको व्यवस्था नहुँदा बहिरा व्यक्तिहरूले सञ्चार र शिक्षामा पहुँच प्राप्त गर्न सकेका छैनन्। नीति र योजना निर्माणमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व अत्यावश्यक रहेको छ। अपाङ्गताको पहिचान प्रारम्भिक अवस्थामै गर्न र समयमै पुनर्स्थापना सेवा पुर्याउन विभिन्न चुनौति र

कठिनाइहरू छन्। अपाङ्गताको सवाल विकासका सबै विषयगत क्षेत्रहरूसँग जोडिने भएतापनि सबै विकास कार्यक्रमहरूले यसलाई राम्रोसँग समेट्न सकेको छैन।

## ४. चुनौती

छाँयानाथ रारा नगरपालिकामा अपाङ्गता सम्बन्धी पर्याप्त ज्ञान, सीप, सूचना र दक्ष जनशक्तिको अभावमा नीति बनाउन र कार्यक्रम कार्यान्वयन गर्नमा चुनौतीहरू छन्। सिमित साधन र श्रोतबाट अपाङ्गता भित्रको विविधतालाई सम्बोधन गर्न चुनौतीहरु रहेका छन। स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र अपाङ्गता समावेशी विकासको बारेमा समबुझाइ निर्माण भैसकेको छैन। पालिका र यस अन्तर्गतका कार्यालयहरू समेतको समन्वय र क्रियाशिलतामा यो नीति र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका बारेमा सचेतना जगाउनु पर्ने दायित्व श्रृजना भएको छ। पालिका भित्र छरिएर रहेका वस्तिहरूमा समुदाय सम्म सेवा पुर्याउन विभिन्न योजना र संयन्त्रहरूको जरूरत पर्छ। अपाङ्गता भएका ब्यक्तिका परिवार, अभिभावक र समुदायलाई अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी चेतना अभिबृद्धी गर्न र मानव अधिकारका उपभोग गर्ने हक अन्य नागरिक सरह हो भन्ने कुरा बुझ्न र बुझाउन अत्यन्त जरूरी छ।

## ५. यस नीतिको आवश्यकता र औचित्य

अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्धन, सम्बर्धन र संरक्षणको लागि नेपालको संविधानले दिएको अधिकार र दायित्व पुरा गर्न, दिगो विकासको लक्ष्य प्राप्त गर्न, अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता पूरा गर्नसाथै अन्य नागरिक सरह सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई मानव अधिकारको प्रत्याभूती, सेवा, सुविधा र अधिकारमा पहुँच सुनिश्चित गराउन स्थानीय सरकारलाई आवश्यक मार्गदर्शन गर्न यो नीतिको आवश्यकता भएको हो।

यसैगरि अपाङ्गता भएका व्यक्तिहरूको हकहितका सम्बन्धमा संविधानले स्थानीय सरकारलाई सुम्पिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ तथा नियमावली, २०७७ ले निर्दिष्ट गरेका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नको लागि यो नीतिको आवश्यकता रहेको छ। नगरपालिका भित्र सिमान्तकृत अवस्थामा रहेका समुदायको विकास र शसक्तिकरण स्थानीय सरकारको मुख्य प्राथमिकता भएको हुनाले अपाङ्गता भएका व्यक्तिको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक विकास गर्न यो नीतिको औचित्य रहेको छ।

छायाँनाथ रारा नगरपालिकाले हालसम्म गरेका प्रयासहरुलाई निन्तरता दिदै अपाङ्गता मैत्री स्थानीय शासन प्रणाली स्थापन गरी संस्थागत गर्न यस नीतिले मूल नीतिको रूपमा मार्गनिर्देशन गर्नेछ। यस नीतिले सरकारी, गैर सरकारी, सामुदायिक र निजी क्षेत्रमा अपाङ्गता मैत्रीयोजना एवम् कार्यगत एकता ल्याउन भुमिका निर्बाह गर्नेछ। साथै यो नीतिले यस नगरपालिकाले बनाएका सवै नीति कानून र कार्यक्रम र १५ औ योजनाले लएिको लक्ष्यलाई पुरा गर्न समेत योगदान पुर्याउनेछ।

## ६. दीर्घकालीन सोच

छायाँनाथ रारा नगरपालिकामा बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिको अधिकार सम्पन्न, मर्यादित तथा सम्मानीत जीवन सुनिश्चित गर्नु।

## ७. सोचको परिदृश्यः

अपाङ्गता भएका व्यक्तिहरुले सबै मानव अधिकारको समान उपयोग गर्न पाउनेछन्। उनीहरूप्रतिको असमान व्यवहार र भेदभाव न्यूनिकरण भई समावेशी समाजमा समान हैसियतको नागरिक भई सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा सकृय सहभागिता बढ्नेछ।

## ८. लक्ष्यः

१. छायाँनाथ रारा नगरपालिकामा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको सेवा, सुविधा र अवसरमा व्यापक पहुँच पुर्याउने र सबै अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने।

२. निर्णय प्रकृयामा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व र सामाजिक तथा आर्थिक शसक्तिकरण।

३. अपाङ्गता समावेशी संरचना, प्रणाली र सेवा सुविधा हासिल गर्ने ।

## ९. उद्देश्यहरू

१. यस नगरपालिकाका सवै कानून नीति योजना अपाङ्गतामैत्री वा अपाङ्गता समावेशी बनाउनु।

२. अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत सेवा सुविधा र अपाङ्गता भएकै कारणले पाउने सेवा सुविधा र अवसरमा समान पहुँच सुनिश्चित गराउनु।

३. अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सहभागिता, सार्वजनिक सहभागिता र निर्णय प्रकृयामा सहभागितामा अभिवृद्धि गर्नु।

४. अपाङ्गता भएका व्यक्तिका लागि सहभागिता, शिक्षा, सञ्चार लगायतका क्षेत्रमा सामना गर्नुपर्ने अवरोधहरूलाइ न्यूनिकरण गर्नु।

५. अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, पुनर्स्थापना र समाजिक सुरक्षाका कार्यक्रमा पर्याप्त पहुँच सुनिश्चित गर्नु।

६. अपाङ्तगा भएका वालवालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा पहुँच पुर्याइ उचित सामाजिक संरक्षण प्रदान गर्नु।

७. अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन् स्वास्थ्यको प्रवर्धन गर्ने र उनीहरूमाथि हुने यौनजन्य तथा अन्य प्रकारका हिंसाको न्यूनिकरण गर्नु र न्यायमा पहुँच वृद्धि गर्नु ।

## १०. रणनीतिहरू

**१०.१ अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, अपाङ्गता सम्बन्धी संघीय तथा प्रादेशिक कानुन र नीति अनुकुल हुने गरि छायाँनाथ रारा नगरपालिकाका नीतिहरूमा संशोधन गर्ने र अपाङ्गताका सवालहरू समावेश गराउने।**

कार्यनीतिहरू

क) नगरपालिकाले निर्माण गरि लागु गरेका नीति तथा कार्यक्रमहरू अपाङ्गताको परिप्रेक्षबाट पुनरावलोकन गरिनेछ र अपाङ्गताका सवालहरू समावेश गरिनेछ ।

ख) संघीय कानुनहरूले गरेका व्यवस्थाहरूलाई स्थानीय कानुन र नीतिहरूमा समावेश गरिनेछ ।

ग) स्थानीय सरकारले निर्माण गर्ने अपाङ्गता सम्बन्धी कानुन, नीति र कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि र सेवा प्रदायकहरूसँग परामर्श गरि निर्माण गरिनेछ ।

**१०.२. छायाँनाथ रारा नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिको खण्डिकृत तथ्याङ्क संकलन गर्ने र परिचयपत्र वितरणलाई प्रभावकारी बनाउन समन्वय समिति र अन्य सम्बन्धित कर्मचारीको क्षमता विकास गर्ने ।**

कार्यनीतिहरू

क) तथ्याङ्क संकलन गर्नको लागि उपयुक्त विधि र पद्धति उपयोग गरिनेछ।

ख) स्थानीय तहमा वासिङ्टन समुह प्रश्नावलीको प्रयोग गरि अपाङ्गता सम्बन्धी तथ्याङ्क लिन सक्ने र यसको विश्लेषण गर्न सक्ने जनशक्ति तयार गरिनेछ।

ग) अपाङ्गता भएका व्यक्तिको खण्डिकृत तथ्याङ्क राखिनेछ।

घ) परिचयपत्र वितरणको लागि समन्वय समितिको क्षमता विकास गरिनेछ र नगरपालिकाको कार्यालयमा उपस्थित भएर परिचयपत्र लिन नसक्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिलाइ घुम्ति शिवीर मार्फत घरमै परिचयपत्र पुर्याउने व्यवस्था मिलाइनेछ।

**१०.३. छायाँनाथ रारा नगरपालिकाको आम नागरिकलाई सेवा प्रवाह गर्ने प्रकृया र प्रणालीलाई अपाङ्गता मैत्री बनाउने, कर्मचारीहरूको क्षमता विकास गर्ने, अपाङ्गता भएका व्यक्तिलाइ सेवामा प्राथमिकता दिने र शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी अवस्थाको कारणले चाहिने सेवाहरू जस्तै थेरापी, परामर्श, प्रेशण सेवा, शिघ्र पहिचान, सहायक सामाग्री, सहयोगी सेवा, सांकेतिक भाषा, अभ्यस्थता (Habilitation) सम्बन्धी तालिम लगायत, उपलब्ध गराउने वातावरण बनाउने ।**

कार्यनीतिहरू

क) नगरपालिकाका कर्मचारीहरूलाइ अपाङ्गता समावेशी सेवा प्रवाह सम्बन्धी तालिम दिइनेछ

ख) नगरपालिकाले प्रवाह गर्ने सेवामा अपाङ्गता भएका व्यक्तिलाइ प्राथमिकता दिइनेछर अपाङ्गता सम्बन्धी एक सहायता कक्ष स्थापना गरिनेछ।

ग) थेरापी, परामर्श, प्रेषण सेवा, सिघ्र पहिचान, पुनर्स्थापना जस्ता सेवाहरू स्थानीय तहमा उपलब्ध गराइनेछ।

**१०.४. छायाँनाथ रारा नगरपालिका अन्तर्गतका सबै भौतिक संरचनाहरू जस्तै विद्यालय, सडक, मठमन्दिर, सार्वजनिक भवन, सार्वजनिक शौचालय, मनोरञ्जन स्थल, सरकारी कार्यालयहरू लगायतलाई अनिवार्य रूपमा अपाङ्गता मैत्री बनाउन नेपाल सरकारले तोकेको पहुँचयुक्तता सम्बन्धी मापदण्ड कार्यान्वयन गराउने र प्रभावकारी अनुगमन गर्ने।**

**कार्यनीतिहरू**

क) पहुँचयुक्त बातावरण निर्माणको लागि आवश्यक डिजाइन गर्ने पहुँचयुक्तता परीक्षण (Accessibility Audit) गर्ने जनशक्ति र उपकरणहरू निर्माण गर्ने

ख) भौतिक संरचना, सेवा सुविधा र प्रणालीहरूको पहुँचयुक्तताको परीक्षण गरिनेछ र तत्काल सुधार गर्न सकिने, मध्यावधिमा सुधार गर्न सकिने र दीर्घकालमा सुधार गर्न सकिने कुराहरूको योजना बनाइ कार्यान्वयन गरिनेछ ।

ग) नयाँ बन्ने भौतिक संरचना र सूचना तथा सञ्चारका विधिहरूमा पहुँचयुक्तताका मापदण्डहरू अनिवार्य रूपमा लागु हुने व्यवस्था गरिनेछ ।

घ) सार्वजनिक यातायातलाइ अपाङ्गता भएका व्यक्तिको लागि यात्रामा सहज बनाइनेछ र आरक्षित सिटको व्यवस्था गरिनेछ ।

ङ) सार्वजनिक यातायात नगरपालिकाको नगर बसमा अपांगता भएका ब्यक्तिहरुका लागि ५० प्रतिशत भाडा छुट दिने अपांगता मैत्री बनाई यात्रामा सहज बनाईने छ र आरक्षित सिटको ब्यबस्था गरिने छ।

च) सबै खालका अपांगता भएका ब्यक्तिहरु कुनै कारणले बिरामी भई स्वास्थ्य सँस्थाहरुमा पुगी उपचार गर्नु परेमा नगरको एम्बुलेन्समा निशुल्क पुर्‍याईदिने ब्यबस्था गरिने छ।

**१०.५. छायाँनाथ रारा नगरपालिकामा रहेका अपाङ्गता भएका बालबालिका ,व्यक्तिहरूलाई समान आधारमा आधारभूत स्वास्थ्य सेवा र आवश्यकता अनुसारको परामर्श, सिघ्र पहिचान ,विशेष सेवा र विशिष्टिकृत स्वास्थ्य तथा पुनःस्थापना सेवामा पहुँच पुर्‍याई मर्यादित,स्वस्थ र क्रियाशील नागरिकको रूपमा जीवन यापन गर्न सक्षम तुल्याउने।**

**कार्यनीतिहरू**

क) अपाङ्गताको सिघ्र पहिचानको लागि समन्वय समिति र स्थानीय स्वास्थ्य संस्थाको क्षमता विकासको लागि तालिमहरू दिइनेछ।

ख) विशिष्ट स्वास्थ्य सेवाको लागि पालिका तहमा प्रेशण सेवा उपलब्ध गराइनेछ।

ग) स्थानीय सरकारको सहयोग र गैरसरकारी निकायहरूको सहकार्यमा समुदाय स्तरमा नै थेरापी, परामर्श जस्ता पुनर्स्थापना सेवाहरू उपलब्ध गराउने।

**१०.६. नगरपालिकाको नीति निर्माण, योजना निर्माण र बजेट निर्माणका प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्ति वा तिनका संस्थाको प्रतिनिधित्व सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि संस्थासँग समन्वय र सहकार्य गर्ने।**

कार्यनीतिहरू

क) नीति निर्माण, योजना निर्माण र बजेट निर्माणमा अपाङ्गता भएका व्यक्ति, तिनका समुह र संस्थासँग परामर्श गरिनेछ। उनीहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

ख) अपाङ्गता सम्बन्धी विभिन्न गतिविधिहरू अपाङ्गता भएका व्यक्तिका स्थानीय संस्थाहरूसँग सहकार्य र साझेदारीमा गरिनेछ।

**१०.७. सूचना तथा सञ्चारमा अपाङ्गता भएका व्यक्तिहरूले भोग्ने अवरोधहरूलाई हटाउन सूचना तथा सञ्चारमा पहुँचयुक्त माध्यामहरूलाई प्रवर्धन गर्ने र स्थानीय सरकारको सूचना तथा सञ्चार प्रणालीलाई अपाङ्गता मैत्री बनाउने ।**

कार्यनीतिहरू

क) नगरपालिकाको कार्यालयमा सांकेतिक भाषा दोभाषेको व्यवस्था गरिनेछ र बहिरा व्यक्तिको लागि सांकेतिक भाषाको तालिम सञ्चालन गरिनेछ।

ख) नगरपालिकाको वेवसाइटलाई दृष्टिविहीन तथा न्यूनदृष्टियुक्त व्यक्तिका लागि पहुँचयुक्त बनाइनेछ।

ग) नागरिक बडापत्र पहुँचयुक्त बनाइनेछ र नगरपालिकाले आम नागरिकलाइ दिने सूचना, सन्देश र जनचेतनामुलक सामाग्रीहरू सांकेतिक भाषा, ठूलो छापा, चित्र, अडियो, भिजुअल, ब्रेल लगायतमा उपलब्ध गराइनेछ।

**१०.८. शिक्षा र स्वास्थ्यमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्न पहुँचयुक्त स्वास्थ्य तथा शिक्षाको अभियान सञ्चालन गर्ने र सबै स्वास्थ्य केन्द्र र विद्यालय तथा कलेजहरूलाइ अपाङ्गता भएका बालबालिका वा विद्यार्थिको लागि पहुँचयुक्त बनाउने।**

कार्यनीतिहरू

क) विद्यालय तथा कलेजका भौतिक संरचनाहरू पहुँचयुक्तताको मापदण्ड अनुसार निर्माण गराइनेछ

ख) स्थानीय स्वास्थ्य चौकीहरू पहुँचयुक्तता सम्बन्धी मापदण्ड अनुसार निर्माण गर्न र सुधार गर्न लगाइनेछ

ग) विद्यालयको शैक्षिक प्रणाली, शिक्षण सिकाइ विधि र शैक्षिक सामाग्रीहरू अपाङ्गता मैत्री बनाउन विभिन्न सहयोग र क्षमता विकास सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ।

घ) उच्चशिक्षा हासिल गर्ने अपाङ्गता भएका व्यक्तिका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

*ङ)* अपाङ्गता भएका व्यक्तिलाइ अपाङ्गताको कारणले गर्नुपर्ने विशिष्ट स्वास्थ्योपचार र सुधारात्मक सल्यकृया (Corrective Surgery) का लागि नगरपालिकाद्वारा सहयोग गरिनेछ।

**१०.९. स्थानीय स्तरमा उपलब्ध अवसर र संभावनाहरूलाई मध्यनजर गरी अपाङ्गता भएका व्यक्तिलाइ रोजगारीका अवसर र स्वरोजगारी सम्बन्धी कार्यक्रमहरूमा प्राथमिकता दिने । रोजगारी र स्वरोजगारीको क्षेत्रमा पहुँच प्राप्त गर्ने रोक्ने अवरोधहरू हटाउन पहल गर्ने ।**

**कार्यनीतिहरू**

क) अपाङ्गता भएका व्यक्ति लक्षित रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ

ख) अपाङ्गता भएका व्यक्तिका लागि स्वरोजगारी सम्बन्धी तालिम सञ्चालन गरिनेछ

ग) औपचारीक क्षेत्रका रोजगारी सम्बन्धी अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ

घ) नीजि क्षेत्रलाई अपाङ्गता भएका व्यक्तिलाई रोजगारी उपलब्ध गराउन प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**१०.१०. अति अशक्त तथा पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी, हेरचाह सेवा, सहायक सामाग्री लगायत अवस्था हेरि आर्थिक सहयोगका कार्यक्रमहरू सञ्चालन गर्ने ।**

**कार्यनीतिहरू**

*क) अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सेवा र हेरचाह सेवा उपलब्ध गराउन कार्यविधि बनाई लागु गरिनेछ ।*

*ख) सहयोगी र हेरचाहकर्ताको लागि तालिम सञ्चालन गरिनेछ ।*

*ग) पूर्ण अपाङ्गता भएका व्यक्तिको लागि अवस्था हेरि आर्थिक सहयोग उपलब्ध गराइनेछ*

*घ) सहायक सामाग्री आवश्यक पर्नेहरूको विवरण संकलन गरिनेछ, वितरणको मापदण्ड बनाइनेछ र निःशुल्क सहायक सामाग्री उपलब्ध गराइनेछ ।*

**१०.११. अपाङ्गता भएका व्यक्तिका लागि चाहिने आधारभूत पुनर्स्थापना सेवा, स्वास्थ्योपचार, मनोपरामर्श लगायतका सेवाहरू स्थानीय तहमा उपलब्ध गराउन पहल गर्ने ।**

**कार्यनीतिहरू**

क) स्थानीय स्तरमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूको संभावना अध्ययन गरिनेछ र यस्ता संस्थामार्फत सेवा दिन क्षमता वृद्धि गरि पुनर्स्थापना सेवाहरू थप गरिनेछ ।

ख) पुनर्स्थापना सेवा अन्तर्गत थेरापी सेवा लगायत, अपाङ्गता पहिचान, परामर्श, मनोपरामर्श, प्रेषण सेवा लगायतका सेवाहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

ग) अपांगता भएका सबै व्यक्तिहरुलाई उपचारका लागि स्वास्थ्य विमा छाँयानाथ रारा नगरपालिकाले निशुल्क बनाउने व्यवस्था मिलाईने छ ।

**१०.१२. अपाङ्गताको प्रारम्भिक पहिचान र मेडिकल स्क्रिनिङको लागि पालिका स्तरमा दक्ष जनशक्ति र प्राविधिक क्षमताको बिकास गर्ने ।**

कार्यनीतिहरू

क) सबै प्रकारका अपाङ्गताको प्रारम्भिक पहिचान गर्न सक्ने जनशक्ति तयार गर्न र पहिचानको लागि उपकरण तयार गर्न आवश्यक तालिमहरू सञ्चालन गरिनेछ ।

**१०.१३. विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क स्थापित गर्ने र विद्यालय सम्म पुर्याउने बातावरण निर्माण गर्ने । यसको लागि परिवार, अपाङ्गता भएका बालबालिका र विद्यालयको क्षमता विकास र सुधारको लगि विशेष कार्यक्रमहरू ल्याउने ।**

कार्यनीतिहरू

क) विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क संकलन गरि अवस्था पहिचान गरिनेछ र उनीहरूको अपाङ्गता पहिचान गरिनेछ ।

ख) विद्यालयको भौतिक वातावरणमा सुधार गरि अपाङ्गता मैत्री बनाइनेछ र विद्यार्थी भर्ना गराइनेछ ।

ग) विद्यालयका शिक्षकहरूलाई समावेशी शिक्षाको लागि आवश्यक तालिमहरू दिइनेछ ।

घ) स्रोतकक्षाहरूको अवस्थामा सुधार ल्याइनेछ र पहुँचयुक्त शैक्षिक सामाग्री उपलब्ध गराउन बजेट उपलब्ध गराइनेछ ।

**१०.१४. अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन् स्वास्थ्यको विषयमा जनचेतना फैलाउने, स्वास्थ्य संस्थाहरूको क्षमता विकास गर्ने र अपाङ्गता भएका महिलामाथि हुने हिंसाको विरूद्धमा विभिन्न अभियानहरू सञ्चालन गर्ने ।**

कार्यनीतिहरू

क) यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता बढाउने ।

ख) अपाङ्गता भएका महिला लक्षित यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ग) स्थानीय स्वास्थ्य चौकी र अस्पतालहरूमा अपाङ्गता भएका महिलाहरूका लागि मैत्रीपूर्ण हुनेगरि लेवर बेड र सहयोगीको व्यवस्था गर्न अभिप्रेरित गरिनेछ ।

घ) हिंसा प्रभावित अपाङ्गता भएका महिलाहरूलाइ सुरक्षा तथा संरक्षण दिन सेफहाउसहरूलाइ पहुँचयुक्त बनाइनेछ । हिंसा विरूद्ध विभिन्न जनचेतनामुलक कार्यहरू सञ्चालन गरिनेछ । गुनासो र उजुरी दर्ता प्रकृयालाइ पहुँचयुक्त बनाइनेछ ।

**१०.१५. अपाङ्गता भएका व्यक्तिप्रति समाजमा विद्यमान नकारात्मक सोच, दृष्टिकोण र व्यवहारहरूमा परिवर्तन गराउन विभिन्न जनचेतना मुलक कार्यहरू गर्ने ।**

**कार्यनीतिहरू**

क) अपाङ्गताको सवालमा बनेका नीति, नियम र निर्देशिकाको बारेमा स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्थाको सहकार्यमा जनचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ख) अपाङ्गता भएका व्यक्तिका सफलताका कथाहरू, अपाङ्गताको अधिकारमुखी अवधारणा, अपाङ्गता अधिकार सम्बन्धी महासन्धीको बारेमा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

*ग)* अपाङ्गताको सवालमा भएका असल अभ्यासहरूको प्रचारप्रसार गरिनेछ । समाजमा भएका नकारात्मक सोचहरू हटाउन विभिन्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ र सूचनामुलक सामाग्रीहरू वितरण गरिनेछ ।

**१०.१६. छायाँनाथ रारानगरपालिका भित्र रहेका अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह बालबचाउ,बालसंरक्षण,बालबिका र बाल सहभागीताका कार्यक्रमहरूमा सहभागी गराउने र त्यस्ता कार्यक्रमहरूबाट लाभान्वित गराउने ।**

**कार्यनीतिहरू**

क) स्थानीय सरकारले गर्ने बालहित सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकालाइ प्राथमिकतामा राखिनेछ ।

ख) बालक्लबहरूमा अपाङ्गता भएका बालबालिकाको सहभागिता बढाइनेछ

ग) बालबिकास, बाल संरक्षण र बाल सहभागिता सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाको सहभागिता गराइनेछ ।

घ) अपाङ्गता भएका बालबालिका माथि हुने हिंसा, दुर्व्यवहार र भेदभावका घटनाहरूलाइ न्यूनिकरण गर्न कानुनी कार्वाही र जनचेतनामुलक गतिविधिहरू बढाइनेछ ।

**१०.१७. नगरपालिका स्तरमा हुने खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्ति तथा वालवालिकाहरूको पहुँच अभिवृद्धि गर्दै सामाजिकीकरण र सहभागितालाई प्रवर्द्धन गर्ने।**

**कार्यनीतिहरू**

क) नगरपालिकास्तरमा अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिहरूसँग परामर्श र समन्वय गरि पारा तथा विशेष खेलकुदका कार्यक्रमहरू आयोजना गरिनेछ ।

ख) सांस्कृतिक तथा मनोरञ्जन स्थलहरू अपाङ्गता मैत्री बनाइनेछ

ग) अपाङ्गता भएका व्यक्तिका प्रतिभाहरूलाइ समाजमा प्रोत्साहन गरिनेछ ।

**१०.१८. विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू माथि हुने जोखिम न्यूनिकरण गर्न अपाङ्गता समावेशी विपद व्यवस्थापनलाइ जोड दिने ।**

**कार्यनीतिहरू**

क) स्थानीय विपद व्यवस्थापन समितिहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरिनेछ ।

ख) अपाङ्गता समावेशी विपद् व्यवस्थापनको विषयमा स्थानीय सरकारका कर्मचारीलाइ तालिम दिइनेछ ।

ग) विपद् जोखिमको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिको पहिचान गरिनेछ । विपद्को अवस्थामा उद्दार, सेल्टर, राहत, पुनर्स्थापना र पुनर्लाभिका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिलाइ प्राथमिकतामा राखिनेछ ।

घ) विपद् सम्बन्धी सूचनाहरू सांकेतिक भाषा, अडियो, भिजुअल, ठूला छापा अक्षर लगायतका ढाँचाहरूमा प्रवाह गरिनेछ ।

ङ) विपद्को जोखिमबाट बच्नको लागि दिइने तालिमहरूमा अपाङ्गता भएका व्यक्तिलाइ सहभागी गराइनेछ ।

# ११. स्थागत संरचना

यो नीतिको कार्यान्वयनको दायित्व छायाँनाथ रारा नगरपालिकाका र यस अन्तर्गतका विभिन्न शाखाको हुनेछ। हरेक शाखा, उपशाखा वा इकाइहरूले आफूले नेतृत्व गरेको विभिन्न र सवाल वा विषयहरूमा यस नीतिले निर्देशन गरे अनुरूप र यस नीतिको उद्देश्य अनुरूप हुने गरि अपाङ्गता सम्बन्धी नीति र कार्यक्रमहरू बनाइ लागू गर्नु पर्नेछ। अपाङ्गता क्षेत्रमा काम गर्न विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सझेदार निकायसँग साझेदारी गरि काम गरिनेछ भने नगरपालिकाको कुल बजेटको निश्चित बजेट **नगरसभा बाट अनिवार्य** प्रतिशत**का आधारमा** रकम अपाङ्गता भएका व्यक्तिको लागि विनियोजन गरि छुट्याइनेछ ।

शाखा र इकाईले कार्य गर्ने गरि बिभिन्न कार्यक्रमहरूका लक्षित समुहको रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई अनिवार्य रूपमा समावेश गराउनु पर्नेछ र बार्षिक रूपमा अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित भएको नभएको अनुगमन गर्नु पर्नेछ।

यस नीतिलाई प्रभाकारी कार्यान्नियन गर्न निम्न अनुसारको समिति बन्ने छ।

| | |
|---|---|
| नगर प्रमुख | - अध्यक्ष |
| उपप्रमुख | - सदस्य |

प्रमुख प्रशासकीय अधिकृत - सदस्य
महिला शाखा प्रमुख - सदस्य
अपांगता सम्बन्धि काम गर्ने सघंसस्था बाट प्रतिनिधि पालिकाले तोकेको प्रतिनिधि - सदस्य सचिव

## १२. अनुगमन मुल्याङ्कन

यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक अपाङ्गता सम्बन्धी सूचकहरू तयार गरि बिधुतिय रुपमा नै प्रविष्ठ गरि हरेक बर्ष अध्यावधि गरिने छ। सबै शाखा तथा निकाय बाट आ-आफ्ना क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा अपाङ्गता सम्बन्धी नीतिको कार्यान्वयन लाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान हुने छ। पालिकाको कार्यपालिका वा परिषदको बैठकमा अपाङ्गता सम्बन्धी नीति कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाइने छ । यस नीतिको पुनरावलोकन हरेक ३ वर्षमा गरिने छ। अपाङ्गता सम्बन्धी समन्वय समितिले हरेक वर्ष वार्षिक नीति तथा कार्यप्रगतिको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने छ।

## १३. संभावित जोखिम न्यूनीकरण योजना

### १. सम्भावित जोखिम

यस नीतिको प्रकृति र स्वरूप साझा र सबै नागरिकको सरोकारका विषय भएको हुनालेदेहाय बमोजिमको जोखिम हुन सक्ने अनुमान गरिएको छ ।

क) सबै सरोकारवालामा अपाङ्गता सम्बन्धी सम बुझाई नहुनु
ख) स्थानिय तहको संरचना नयाँ भएको हुँदा यस किसिमको नीति कार्यान्वयन गर्न ज्ञान सीप रदक्षता सहित श्रोत साधनाको कमी हुन सक्ने
ग) अपाङ्गता भित्र विविधता र बहुपक्षीय सरोकारको विषय हुने भएको हुँदा समन्वय र सहयोगमा समस्या हुन सक्ने
घ) अपाङ्गताका सवालमा गरिने कार्य र उपलव्ध गराइने सेवा सुविधाहरु संघ र प्रदेशबाट पनि उपलव्ध गराईने हुदा दोहोरो हुन सक्ने सम्भावना ।

### २. जोखिम नूनिकरण का उपायहरू :

यस नीति कार्यान्नियमा रहेका जोखिमहरुलाई न्यनुकरण गर्न निम्न उपायहरु अवलम्वन गरिने छ

क) यस नीति कार्यान्वयन पालिकामा कसको के जिम्मेवारी र भूमिका हुनेछभनी नीति कार्यान्वयन गर्न एक स्पष्ट कार्य योजना तयार गरिने छ र नीति कार्यान्वयन अनुभव मूल्याङ्कन योजना तर्जुमा गरी लागु गरिने छ।
ख) पालिकामा हुने अपाङ्गता सम्वन्धी कार्यमा दोहोरोपन नहुनको लागी एक समन्वय संयन्त्र र सूचना आदानप्रदानको प्रणाली स्थापित गरी दक्ष जनशक्ति परिचालन गरिने छ
ग) अपाङ्गता भएका व्यक्तिका संस्था, यस क्षेत्रका विज्ञहरूको दक्षता र क्षमताको प्रयोग गरी नीति कार्यान्वयनमा प्रमुख जीम्मेवारीमा रहने कर्मचारी वा मानव संसाधनको क्षमता विकास गर्दै उनीहरूलाई परिचालन गरिने छ ।
घ) अपाङ्गताको क्षेत्रमा योगदान गर्न सक्ने विज्ञता हासिल गरेका व्यक्ति सहितको एकविज्ञ समूह निर्माण गरी नीति कार्यान्वयन तथा यस कार्यमा आउने चुनौती सामना गर्न नियमित अध्ययन एवं विश्लेषण गरिने छ ।

प्रकाशित मितिः २०८०/०९/२७

आज्ञाले,

पशुपती शाही

नि. प्रमुख प्रशासकीय अधिकृत